# बुढ्यौली सशक्तीकरण र स्वास्थ्य मार्गदर्शिका

***SAC Nepal***



# पुस्तकको प्रस्तावना (Preface)

बुढ्यौली जीवनको अन्त्य होइन; यो अनुभव, ज्ञान र समाजप्रतिको योगदानले भरिएको महत्वपूर्ण चरण हो। तर हाम्रो समाजमा अझै पनि बुढ्यौलीलाई कमजोरी र बोझका रूपमा हेर्ने प्रवृत्तिका कारण धेरै ज्येष्ठ नागरिक स्वास्थ्य समस्या, एक्लोपन, आर्थिक असुरक्षा र अधिकार बेवास्ताको पीडामा छन्।

यिनै यथार्थलाई सम्बोधन गर्न "बुढ्यौली सशक्तीकरण र स्वास्थ्य मार्गदर्शिका" तयार गरिएको हो। यो पुस्तक रोग र उपचारको जानकारीमा सीमित नभई सम्मानपूर्वक बाँच्ने अधिकार, आत्मनिर्भरता, मानसिक सन्तुलन र सामाजिक सहभागितालाई प्रवर्द्धन गर्ने व्यावहारिक सहयात्री हो। यसमा पोषण, व्यायाम, मानसिक स्वास्थ्य, दीर्घ रोग व्यवस्थापन, सामाजिक सम्बन्ध, अधिकार तथा सरकारी सेवा–सुविधाबारे सरल र जीवनोपयोगी जानकारी समेटिएको छ।

बुढ्यौली स्वाभाविक प्रक्रिया हो, र सचेतना तथा सकारात्मक जीवनशैली अपनाएमा स्वस्थ, सक्रिय र सम्मानजनक बुढ्यौली सम्भव छ। ज्येष्ठ नागरिकको अनुभव र योगदानलाई कदर गर्दै पुस्तान्तरणीय सम्मान र सहकार्य सुदृढ गर्नु नै यस मार्गदर्शिकाको मूल उद्देश्य हो। बुढ्यौली बचाऊ अभियान (SAC) नेपालका सामूहिक प्रयासबाट तयार यो कृतिले ज्येष्ठ नागरिक, परिवार, समुदाय र नीति निर्मातालाई बुढ्यौलीलाई अवसर र सम्भावनाको चरणका रूपमा हेर्न प्रेरित गर्ने विश्वास लिइएको छ।

अन्त्यमा, यस मार्गदर्शिकाको निर्माण र प्रकाशनमा योगदान पुऱ्याउनुहुने सबै लेखक, स्वास्थ्यकर्मी, सामाजिक अभियन्ता, संस्था तथा प्रेरणाका स्रोत ज्येष्ठ नागरिकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। विशेषगरी बुढ्यौलीप्रति सकारात्मक दृष्टिकोण निर्माण गर्न निरन्तर क्रियाशील बुढ्यौली बचाऊ अभियान (SAC) नेपाल को सामूहिक प्रयास यस कृतिमा स्पष्ट रूपमा प्रतिबिम्बित छ। हामी आशा गर्दछौं, यो मार्गदर्शिकाले ज्येष्ठ नागरिकहरूको जीवनमा आत्मविश्वास, स्वास्थ्यप्रति सचेतना र सम्मानको अनुभूति गराउनेछ तथा नीति निर्माता, समुदाय र परिवारलाई बुढ्यौलीलाई अवसर र सम्भावनाको चरणका रूपमा हेर्न प्रेरित गर्नेछ।

लेखक— रामजी साह

SAC Nepal
Save Aging Campaign Nepal
Empowering Lives, Celebrating Aging
(ELCA) (जीवनलाई सशक्त बनाउने, बुढ्यौली मनाउने)

# निर्देशक समिति (Board of Directors)

## Ramjee Sah – Founder & Executive Director



रामजी साह, सिरहा, नेपालका निवासी तथा बुढ्यौली बचाऊ अभियान नेपाल का संस्थापक एवं कार्यकारी निर्देशक हुन्। आफ्नै परिवारका वृद्ध सदस्यहरूको अनुभवबाट प्रेरित भई उहाँले जुन २२, २०२४ मा अभियानको स्थापना गर्नुभयो। ज्येष्ठ नागरिकहरूको स्वास्थ्य, अधिकार, सामाजिक समर्थन र सम्मानजनक जीवनका लागि उहाँ सक्रिय रूपमा कार्यरत हुनुहुन्छ।

## Dipesh Kumar Chaudhary – Chairperson



दिपेशकुमार चौधरी बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) का अध्यक्ष हुन्। उहाँको नेतृत्वमा संस्थाले वृद्धहरूको अधिकार, सम्मान र सशक्तीकरणका लागि वकालत तथा कार्यक्रमहरू विस्तार गरेको छ। नीति सुधार, सामुदायिक सहभागिता र स्वास्थ्य सेवामार्फत ज्येष्ठ नागरिकहरूको जीवनस्तर सुधार्न उहाँ प्रतिबद्ध हुनुहुन्छ।

## Urmila Kumari Sah – Vice Chairperson



उर्मिला कुमारी साह बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) की उपाध्यक्ष हुन्। उहाँ वृद्धहरूको अधिकार, मर्यादा र सामाजिक समावेशीकरणका लागि सक्रिय रूपमा काम गर्दै आउनुभएको छ। समुदायस्तरको सहकार्य र पहलमार्फत ज्येष्ठ नागरिकहरूको सशक्तीकरणमा उहाँको योगदान महत्वपूर्ण छ।

## Gyandip Chaudhary – Secretary General



ज्ञानदीप चौधरी बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) का महासचिव हुन्। उहाँ संगठनको रणनीतिक योजना र प्रशासनिक कार्यहरूको समन्वय गर्दै कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्नुहुन्छ। ज्येष्ठ नागरिकहरूको मर्यादा, भलाइ र समावेशी समाज निर्माणका लागि उहाँ प्रतिबद्ध हुनुहुन्छ।

## Parbati Chaudhary – Treasurer



पार्वती चौधरी बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) की कोषाध्यक्ष हुन्। उहाँ संस्थाको वित्तीय व्यवस्थापन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै कार्यक्रमहरूको दिगोपनामा महत्वपूर्ण योगदान पुर्याउनुहुन्छ।

## Md. Mustak Rain – Secretary



मो. मुस्ताक राइन बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) का सचिव हुन्। उहाँ संगठनका प्रशासनिक कार्य तथा कार्यक्रमहरूको समन्वय गर्दै वृद्धहरूको अधिकार र भलाइ प्रवर्द्धनमा सक्रिय भूमिका निर्वाह गर्नुहुन्छ।

## Janak Kumari Chaudhary – Exe. Member



जनक कुमारी चौधरी बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) की कार्यकारी सदस्य हुन्। उहाँ ज्येष्ठ नागरिकहरूको अधिकार, मर्यादा र कल्याणका लागि संस्थाका कार्यक्रमहरूमा सक्रिय योगदान दिनुहुन्छ।

## Nirod Paswan – Executive Member



निरोद पासवान बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) का कार्यकारी सदस्य हुन्। उहाँ ज्येष्ठ नागरिकहरूको अधिकार, सामाजिक समावेशीकरण र जीवनस्तर सुधारका लागि केन्द्रित कार्यक्रमहरूमा सक्रिय योगदान दिनुहुन्छ।

## Shtrudhn Mandal – Executive Member



शत्रुधन मण्डल बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) का कार्यकारी सदस्य हुन्। उहाँ ज्येष्ठ नागरिकहरूको गरिमा, अधिकार र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने कार्यक्रमहरूमा सक्रिय रूपमा संलग्न हुनुहुन्छ।

## Raudi Chaudhary– Executive Member



रौदी चौधरी बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) की कार्यकारी सदस्य हुन्। उहाँ ज्येष्ठ नागरिकहरूको स्वास्थ्य, समावेशीकरण र भलाइ प्रवर्द्धन गर्ने

## Sraswati Saday – Executive Member



सरस्वती सदा बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) की कार्यकारी सदस्य हुन्। उहाँ ज्येष्ठ नागरिकहरूको सशक्तिकरण, समावेशीकरण र

## Manoj Kumar Mochi – Executive Member



मनोज कुमार मोची बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) का कार्यकारी सदस्य हुन्। उहाँ ज्येष्ठ नागरिकहरूको अधिकार, स्वास्थ्य, मर्यादा र सामाजिक

# लेखक परिचय (About the Author)







रामजी साह सामाजिक विकासका क्षेत्रमा सक्रिय अभियन्ता तथा सन् २०२४ मा स्थापित बुढ्यौली बचाऊ अभियान **(SAC)** नेपालका संस्थापक हुनुहुन्छ। उहाँका गतिविधिहरू मुख्यतः ज्येष्ठ नागरिकहरूको सम्मान अभिवृद्धि, स्वास्थ्य सुदृढीकरण, अधिकार संरक्षण र सामाजिक सहभागिता प्रवर्द्धनमा केन्द्रित छन्। समुदायमा देखिएका वास्तविक समस्या र आफ्ना व्यक्तिगत अनुभवलाई आधार मानी उहाँले ज्येष्ठ नागरिक सशक्तीकरणका लागि निरन्तर योगदान पुर्‍याउँदै आउनुभएको छ।

यस प्रकाशनमार्फत ज्येष्ठ नागरिक तथा समग्र समुदायलाई बुढ्यौली र स्वास्थ्य व्यवस्थापनसम्बन्धी व्यवहारिक, उपयोगी र सचेतनामूलक जानकारी प्रदान गर्ने उद्देश्य राखिएको छ। साथै, उहाँले समुदायस्तरमा चेतना अभिवृद्धि गर्ने, वृद्ध अधिकारको वकालत गर्ने र उनीहरूलाई सम्मानजनक तथा आत्मनिर्भर जीवनतर्फ उन्मुख गराउने विविध कार्यक्रमहरू सञ्चालन गर्दै आउनुभएको छ। उहाँको योगदान समाजका लागि प्रेरणादायी र उदाहरणीय रहेको छ।

Ramjee Sah is an active activist in the field of social development and the founder of the Save Aging Campaign (SAC) Nepal, established in 2024. His activities mainly focus on enhancing the dignity of senior citizens, strengthening their health, protecting their rights, and promoting social participation. Based on the real problems seen in the community and his personal experiences, he has been continuously contributing to the empowerment of senior citizens.

The aim of this publication is to provide practical, useful, and awareness-raising information on aging and health management to senior citizens and the entire community. In addition, he has been conducting various programs at the community level to raise awareness, advocate for the rights of the elderly, and

guide them towards a dignified and self-reliant life. His contribution has been inspiring and exemplary for the society.

## SAC नेपालका संस्थापक सदस्यहरू (Founder Members)

1. रामजी साह
2. दिपेशकुमार चौधरी
3. उर्मिला कुमारी साह
4. ज्ञानदीप चौधरी
5. पार्वती चौधरी
6. जनककुमारी चौधरी
7. मो.मुस्ताक राईन
8. मनोज कुमार मोची
9. निरोद पासवान
10. सरस्वती सदाय
11. शत्रुधन मण्डल
12. रौदी  चौधरी
13. वीरेन्द्र कुमार चौधरी
14. बिन्दीलाल साह
15. आनन्द लाल चौधरी
16. समतलाल चौधरी
17. सतिलाल सदाय
18. राम आशिष राय
19. भगवानी  चौधरी
20. सुजितकुमार चौधरी
21. मो. नसरुद्दीन राईन
22. लक्ष्मण मोची
23. चन्दनकुमार साह
24. अनिरुद्ध शाह
25. रिंकु कुमारी चौधरी
26. अमिरकादेवी चौधरी
27. शंकरकुमारी चौधरी
28. सञ्जय कुमार पासमान
29. जुगतीलाल चौधरी
30. कपलेश्वर साह
31. दुखीलाल चौधरी
32. प्रेमकुमारी चौधरी
33. हिरा कुमारी चौधरी
34. मुनि कुमारी चौधरी
35. रामबहादुर चौधरी
36. निर्मला कुमारी साह
37. मो. अबुबाकर सिद्दीकी
38. नवराज चौधरी
39. डा. रोशन साह
40. प्रतिभा चौधरी
41. योगेन्द्र चौधरी

# बुढ्यौली सशक्तीकरण र स्वास्थ्य मार्गदर्शिका

## (Aging Empowerment and Health Guide) - SAC Nepal

## Table of Contents:


भूमिका -

### भाग १: बुढ्यौली बुझाइ

१. बुढ्यौली के हो? (मिथक र तथ्य) -

२. नेपालमा बुढ्यौलीको अवस्था र चुनौती-

३. बुढ्यौली : अनुभव, ज्ञान र योगदान-

४. अन्तर्राष्ट्रिय स्तरको ज्येष्ठ नागरिक अवधारणा -

५. आधुनिक सामाजिक परिवर्तन र ज्येष्ठ नागरिकको अवस्था-

६. नेपालमा ज्येष्ठ नागरिक नीति -

७. बुढ्यौली बचाऊ अभियान (SAC Nepal)-

### भाग २: स्वास्थ्य मार्गदर्शन

१. बुढ्यौली स्वास्थ्यका आधार-

२. सन्तुलित पोषण र आहार-

३. सामान्य स्वास्थ्य समस्या-

४. व्यायाम र योग -

५. मानसिक स्वास्थ्य -

६. दीर्घरोग व्यवस्थापन -

७. सुरक्षित औषधि प्रयोग -

## भाग ३: मानसिक स्वास्थ्य र सामाजिक समावेशीकरण

१. मानसिक स्वास्थ्य -

२. एकल जीवन र समर्थन-

३. सामाजिक सहभागिता-

## भाग ४: हक–अधिकार र सेवाहरू

१. ज्येष्ठ नागरिकका अधिकार-

२. स्वास्थ्य सेवा र बीमा -

३. आर्थिक योजना -

## भाग ५: सामाजिक र आर्थिक सशक्तीकरण

१. परिवार र समुदायमा भूमिका-

२. सीप-आधारित आयआर्जन-

३. सहकारी र प्रत्यक्ष बिक्री व्यवसाय समूहमा सहभागिता: सामाजिक सम्बन्ध र आर्थिक सुरक्षाको आधार-

## भाग ६: जीवनशैली र आत्म-हेरचाह

१. मस्तिष्कसम्बन्धी रोगहरू-

२.हृदयसम्बन्धी रोगहरू-

३.कलेजोसम्बन्धी रोगहरू -

४. फोक्सोसम्बन्धी रोगहरू -

५. मृगौलासम्बन्धी रोगहरू -

६.पेटसम्बन्धी समस्या -

दैनिक प्राकृतिक उपाय तालिका-

## भाग ७: अनुभव, स्रोत र निष्कर्ष

१. प्रेरणादायी जीवन कथा -

२. सहयोगी संस्था र नेटवर्क-

३. सन्दर्भ सामग्री-

निष्कर्ष -

(SAC Nepal) का सामान्य प्रश्नहरू(FAQs)-

माघ २९, २०८२ सम्मको SAC नेपालको दाताहरूको सूची -

# बुढ्यौली सशक्तीकरण र स्वास्थ्य मार्गदर्शिका

## (Aging Empowerment and Health Guide) - SAC Nepal

## भूमिका:

बुढ्यौली जीवनको अन्त्य होइन, यो अनुभव, ज्ञान र योगदानले भरिएको जीवनको महत्वपूर्ण चरण हो। तर हाम्रो समाजमा बुढ्यौलीलाई अझै पनि कमजोरी, निर्भरता र बोझका रूपमा बुझ्ने प्रवृत्ति विद्यमान छ। यस बुढ्यौली सशक्तीकरण र स्वास्थ्य मार्गदर्शिका को उद्देश्य ज्येष्ठ नागरिकलाई सम्मानित, स्वस्थ र स्वावलम्बी जीवन जिउन सहयोग गर्नु हो। साथै परिवार, समुदाय र सरोकारवालालाई बुढ्यौलीप्रति सकारात्मक दृष्टिकोण विकास गराउन प्रेरित गर्नु पनि यस पुस्तिकाको लक्ष्य हो।

## भाग १: बुढ्यौली बुझाइ

### १. बुढ्यौली के हो? (मिथक र तथ्य)

बुढ्यौली भनेको उमेर बढ्दै जानु मात्र होइन। यो शारीरिक, मानसिक, सामाजिक र भावनात्मक परिवर्तनहरूको समष्टि हो।

सामान्य मिथकहरू:

- बुढ्यौली भनेको काम गर्न नसक्ने अवस्था हो
- सबै ज्येष्ठ नागरिक बिरामी र कमजोर हुन्छन्
- बुढ्यौलीमा सिक्न सकिँदैन

तथ्यहरू:

- अनुभव र ज्ञान बुढ्यौलीको ठूलो शक्ति हो
- सही जीवनशैलीले बुढ्यौली स्वस्थ बनाउन सकिन्छ
- सिकाइ र योगदान उमेरसँग सीमित हुँदैन

## २. नेपालमा बुढ्यौलीको अवस्था र चुनौती

नेपालमा ज्येष्ठ नागरिकको संख्या तीव्र रूपमा बढिरहेको छ। संयुक्त परिवार प्रणाली कमजोर हुँदै जानु, युवाको वैदेशिक रोजगारी, आर्थिक असुरक्षा र स्वास्थ्य सेवामा पहुँचको अभाव प्रमुख चुनौती हुन्।

मुख्य चुनौतीहरू:

- एक्लोपन र मानसिक तनाव
- दीर्घरोगको बढ्दो जोखिम
- आर्थिक निर्भरता
- अधिकार र सेवाबारे जानकारीको कमी

## ३. बुढ्यौली = अनुभव, ज्ञान र योगदान

ज्येष्ठ नागरिक समाजका जीवित इतिहास हुन्। उनीहरूको अनुभव, संस्कार र मूल्यले नयाँ पुस्तालाई मार्गदर्शन गर्छ। समुदाय विकास, परामर्श, संस्कार हस्तान्तरण र स्वयंसेवामा उनीहरूको भूमिका अमूल्य छ।

## ४. अन्तर्राष्ट्रिय स्तरको ज्येष्ठ नागरिक अवधारणा

### A. Vienna Work Plan 1982 का मुख्य सिद्धान्तहरू (ज्येष्ठ नागरिक)

**Vienna Work Plan 1982** संयुक्त राष्ट्रसंघ **(UN)** द्वारा बुढ्यौली सम्बन्धी पहिलो अन्तर्राष्ट्रिय कार्ययोजना हो। यसको उद्देश्य ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा, सहभागिता र जीवनस्तर सुधार गर्नु हो।

नेपालले पनि भियाना कार्य योजना १९८२ मा उल्लेखित सिद्धान्तहरूलाई आधार बनाई वरिष्ठ नागरिक सम्बन्धी नीतिहरू विकास गर्दै आएको छ,

### B. Madrid International Plan of Action on Ageing (MIPAA) 2002

संयुक्त राष्ट्रसंघले स्पेनको म्याड्रिडमा पारित गरेको अन्तर्राष्ट्रिय कार्ययोजना हो। यसको मुख्य उद्देश्य ज्येष्ठ नागरिकलाई विकासको केन्द्रमा राख्दै गरिमापूर्ण, सक्रिय र सुरक्षित बुढ्यौली सुनिश्चित गर्नु हो।

यो योजना **Second World Assembly on Ageing** मा पारित गरिएको हो

**C.** यो कार्यक्रम सन् 2002 मा स्पेनको म्याड्रिड **(Madrid)** मा संयुक्त राष्ट्रसंघको नेतृत्वमा सम्पन्न भएको थियो, जसमा सदस्य राष्ट्रहरू, अन्तर्राष्ट्रिय संस्था तथा नागरिक समाजको व्यापक सहभागिता रहेको थियो।

यहाँ ती सिद्धान्तहरू सारांशमा प्रस्तुत छन्:

## 1). स्वतन्त्रता (Independence)

- वृद्ध व्यक्तिहरूलाई आर्थिक, भौतिक, सामाजिक रूपमा आत्मनिर्भर बनाउने।
- रोजगारी वा आय आर्जनका अवसरहरू प्रदान गर्ने।
- आधारभूत सेवाहरू (आवास, खाना, कपडा, स्वास्थ्य सेवा) उपलब्ध गराउने।

## 2). सहभागिता (Participation)

- वृद्धहरूलाई पारिवारिक, सामाजिक र राजनीतिक निर्णयमा भाग लिन प्रोत्साहन गर्ने।
- अनुभव र सीपको सदुपयोग गरी समाजमा सक्रिय राख्ने।

## 3). हेरचाह (Care)

- स्वास्थ्य सेवा, दीर्घकालीन हेरचाह र पुनःस्थापना सेवा उपलब्ध गराउने।
- घरमै वा समुदायमा हेरचाह सेवा प्रवाह गर्ने प्रणाली विकास।

## 4). आत्म-सम्मान (Self-fulfillment)

- शिक्षा, सांस्कृतिक, आध्यात्मिक गतिविधिमा भाग लिन अवसर दिने।
- व्यक्तिगत रुचि र प्रतिभा अनुसार वृद्धहरूको योगदान सुनिश्चित गर्ने।

## 5). सम्मान र गरिमा (Dignity)

- दुर्व्यवहार, उपेक्षा, भेदभाव विरुद्ध कानुनी संरक्षण।
- जीवनको अन्तिम कालसम्म सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित।

## ५. आधुनिक सामाजिक परिवर्तन र ज्येष्ठ नागरिकको अवस्था

### 1. परम्परागत सांस्कृतिक अवस्था (पुरानो समयमा)

नेपालको समुदायमा सधैं बुढा–बुढीलाई सम्मान र आदर को स्थान दिइन्थ्यो।

- परम्परागत रूपमा परिवारमा वृद्ध सदस्य घरका मुखिया, बुद्धि र अनुभवका स्रोत मानिन्थे।
- सामाजिक र धार्मिक मान्यताले बृद्ध सदस्यलाई आचार्य र परामर्शदाताको रूपमा सम्मान गर्ने संस्कृति थियो।
- परिवार संरचना ठूला परिवार वा संयुक्त परिवारमा आधारित थियो, जसले बुजुर्गलाई संगै राखेर स्याहार्ने वातावरण बनाउँथ्यो।

### 2. आधुनिकता र सामाजिक परिवर्तन

तर २०औं शताब्दीपछि, विशेषगरी शहरीकरण, युवा आप्रवासन र आधुनिक जीवनशैली का कारण:

- संयुक्त परिवार विघटन हुन थाल्यो।
- युवा काम / पढाइका लागि शहर र विदेश तिर गएका कारण बुजुर्ग एक्लोपन र सामाजिक अलगाव को सामना गर्न पुगे।
- पहिले जहाँ बुजुर्ग सँगै बस्ने थिए, अहिले धेरैले एक्लै बस्नु पर्ने, पुरानो घरहरू वा परित्यक्त अवस्था मा पर्नु पर्ने स्थितिहरू देखिएको छ।

### 3. राजनीतिक–कानुनी विकास

समयक्रममा नेपाल सरकारले बुजुर्गहरूको अधिकार र सुरक्षाका लागि केही नीति तथा कानुनहरू बनाए:

- **Senior Citizen Policy (२०५५/1998)** – बुजुर्गहरूको आर्थिक, सामाजिक, स्वास्थ्य सेवा र सहभागितालाई समेट्ने प्रारम्भिक नीति।
- **Senior Citizen Act (२०६३/2006)** – बुजुर्गहरूको अधिकार संरक्षण, वृद्ध भत्ता, सेवा केन्द्र, वेलफेयर कोषजस्ता प्रावधान राखिएको कानुन।

- **Senior Citizen Regulation (२०६५/2008)** – वृद्धाआश्रम, सेवा केन्द्र सञ्चालनका लागि नियमहरू तय।
- **Old Age Allowance** (वृद्ध भत्ता) जस्तै कार्यक्रमले आर्थिक सहयोग प्रदान गर्न थाल्यो (हाल मासिक भत्ता दिइँदै आएको छ)।

## 4. आजको अवस्थामा चुनौती र स्थिति

हाल नेपालमा:

- ज्येष्ठ नागरिकको संख्या तीव्र रूपमा बढ्दै छ र २०७८/२०२१ जनगणना अनुसार १०.२१% जनता ६० वर्ष माथि छन्।
- पारिवारिक परम्परा कमजोर बनिरहेको छ, जसले गर्दा धेरै बुजुर्गले एक्लोपन, आर्थिक कठिनाइ, सामाजिक अलगाव भोग्नुपर्छ।
- केहीले बृद्धाआश्रम तिर पुगेका छन्, तर संख्या अझ सानो र सेवा पर्याप्त नभएको पाइएको छ।

## 5. समाजिक भूमिका र योगदान

नेपालका बुजुर्गहरू केही कम कमजोर होइनन्

- धेरैले घर–समुदायमा परामर्शदाताको भूमिका, परंपरा संरक्षण र ज्ञान आदान–प्रदान जस्ता भूमिका निभाइरहेका छन्।
- वृद्ध व्यक्तिहरू सामाजिक–आर्थिक कार्यहरूमा योगदान दिन पनि सक्षम छन्।

## अवधि अनुसार वृद्धावस्थाको स्थिति

| अवधि | अवस्थाको विशेषता |
|---|---|
| परम्परागत समय | परिवारमा सम्मान, संयुक्त परिवारको संरचना, वृद्धहरूको अनुभव र ज्ञानको कदर |
| आधुनिक समय | शहरीकरण, आप्रवासन, एक्लोपन, पारिवारिक संरचनामा परिवर्तन |
| कानुनी/राजनीतिक समय | वृद्ध भत्ता, नीति–कानुनमा वृद्धहरूको संरक्षण, सामाजिक सुरक्षा कार्यक्रमहरू |
| वर्तमान अवस्था | बढ्दो वृद्धजनसंख्या, स्वास्थ्य, आर्थिक र सामाजिक चुनौतीहरू, वृद्धहरूको समाजमा योगदान र भूमिका आवश्यक |

## ६. नेपालमा ज्येष्ठ नागरिक नीति

### नेपाल ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३

ज्येष्ठ नागरिकको परिभाषा: ६० वर्ष वा सोभन्दा माथिका नागरिक

01. सम्मान र मर्यादाको अधिकार: ज्येष्ठ नागरिकलाई परिवार, समाज र राज्यबाट सम्मानपूर्वक व्यवहार गरिनुपर्ने व्यवस्था
02. परिवारको दायित्व: छोरा–छोरी तथा परिवारले हेरचाह, पालन–पोषण र संरक्षण गर्नुपर्ने कानुनी दायित्व

03. स्वास्थ्य सेवा सुविधा: उपचार, औषधि र स्वास्थ्य सेवामा प्राथमिकता र सहुलियतको व्यवस्था

04. सामाजिक सुरक्षा: ज्येष्ठ नागरिक भत्ता तथा अन्य सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्था

05. दुव्र्यवहार निषेध: ज्येष्ठ नागरिकमाथि हुने उपेक्षा, दुर्व्यवहार र हिंसा कानुनी अपराध

06. संस्थागत संरक्षण: आवश्यक परे वृद्धाश्रम वा संरक्षण गृहमा राख्ने व्यवस्था

07.राज्यको भूमिका: नीति, कार्यक्रम र सेवामार्फत ज्येष्ठ नागरिकको अधिकार संरक्षण गर्ने जिम्मेवारी

## उद्देश्य:

1. बृद्धहरुको सम्मान गर्नु
2. स्वास्थ्य सेवाको पहुँच नपुगेका समुहमा सेवा पुर्याउनु
3. ६५ बर्ष उमेर पुगेका बृद्धहरुमा स्वास्थ्य सेवाको पहुँच पुर्याउनु

नेपाल ज्येष्ठ नागरिक सम्बन्धि नियामाबली २०६५ र राष्ट्रिय ज्येष्ठ नागरिक नीति मस्यौदा तयारी जेष्ठ ८, २०८० सम्वन्धी पहिलो संशोधन २०८१ जस्ता नियमहरु कार्यान्वयनमा छन् [see details in सन्दर्भ सामग्री शीर्षक]

## ७. बुढ्यौली बचाऊ अभियान (SAC Nepal)

संस्थापकको शब्द:

बुढ्यौली बचाऊ अभियान (SAC Nepal) सन् २०२४ मा ज्येष्ठ नागरिकहरूले भोग्दै आएका स्वास्थ्य, सम्मान, अधिकार र सामाजिक सहभागितासम्बन्धी समस्याहरू समाधान गर्ने उद्देश्यले ४१ जना संस्थापक सदस्यहरूको सामूहिक प्रतिबद्धताबाट स्थापना गरिएको हो। समुदायमा देखिएका यथार्थ चुनौती र संस्थापकहरूको व्यक्तिगत अनुभवबाट प्रेरित यस अभियानले बुढ्यौलीलाई बोझ होइन, समाजको अमूल्य पूँजीका रूपमा स्थापित गर्न शिक्षा, सचेतना, वकालत र सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्दै आएको छ।

बुढ्यौली सशक्तीकरण र स्वास्थ्य मार्गदर्शिका - **SAC Nepal,** बुढ्यौली जीवनको अन्त्य होइन, अनुभव, ज्ञान र सम्मानको नयाँ चरण हो। **SAC Nepal** ले ज्येष्ठ नागरिकको स्वास्थ्य, सम्मान र अधिकार संरक्षणका लागि काम गर्दै आएको छ। यो मार्गदर्शिका बुढ्यौली जीवनलाई स्वस्थ, सुरक्षित र सम्मानजनक बनाउन सहयोगी हुने विश्वास लिइएको छ।

## बुढ्यौली बचाऊ अभियान नेपाल (SAC Nepal) कसरी र किन स्थापना भयो ?

नेपालमा बढ्दो ज्येष्ठ नागरिक जनसंख्या सँगसँगै उनीहरूले भोग्दै आएका स्वास्थ्य, सामाजिक, आर्थिक र मानसिक समस्याहरू अझ स्पष्ट हुँदै गएका छन्। परम्परागत संयुक्त परिवार प्रणाली कमजोर हुँदै जाँदा धेरै ज्येष्ठ नागरिक एक्लोपन, उपेक्षा र सेवाको अभावमा जीवन बिताउन बाध्य भएका छन्। यस्ता यथार्थ चुनौतीहरूलाई नजिकबाट अनुभव गरेपछि बुढ्यौली बचाऊ अभियान नेपाल **(SAC Nepal)** को अवधारणा जन्मिएको हो।

बुढ्यौली बचाऊ अभियान नेपाल **(SAC Nepal)** सन् २०२४ मा रामजी साहको व्यक्तिगत अनुभव र सामाजिक उत्तरदायित्वको भावनाबाट स्थापना गरिएको अभियान हो। आफ्ना अभिभावक तथा समुदायका ज्येष्ठ नागरिकहरूले भोगेका समस्या—जस्तै स्वास्थ्य सेवामा पहुँचको कमी, सामाजिक सम्मानको अभाव, अधिकारबारे अज्ञानता र सक्रिय सहभागिताको अवसर नहुनु—ले उहाँलाई गहिरो रूपमा प्रभावित गर्‍यो। यही अनुभूतिले संगठित रूपमा केही गर्ने प्रेरणा दियो।

यस अभियानको स्थापना ज्येष्ठ नागरिकहरूको अधिकार संरक्षण, सम्मानजनक जीवनको प्रवर्द्धन, स्वास्थ्य सचेतना अभिवृद्धि र सामाजिक सहभागिता सुदृढीकरण गर्ने उद्देश्यले गरिएको हो। SAC Nepal ले शिक्षा, जनचेतना, वकालत र समुदाय-आधारित कार्यक्रममार्फत बुढ्यौलीलाई बोझ होइन, अनुभव र ज्ञानले भरिएको मूल्यवान् चरणका रूपमा स्थापित गर्ने काम गरिरहेको छ।

संक्षेपमा, SAC Nepal ज्येष्ठ नागरिकका वास्तविक समस्या समाधान गर्ने, उनीहरूको आवाज बुलन्द बनाउने र समाजमा बुढ्यौलीप्रति सकारात्मक सोच विकास गर्ने साझा अभियानका रूपमा स्थापना भएको हो।

## लक्ष्य र उद्‌देश्यहरू(Goal & Objectives):

### 1).ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सेवा र कल्याणमा सुधार गर्नु

- ग्रामीण क्षेत्रहरूमा नि:शुल्क स्वास्थ्य जाँच र चिकित्सा शिविरहरू आयोजना गर्नु।
- विशेष जेरियाट्रिक हेरचाहको लागि अस्पतालहरू र स्वास्थ्य सेवा प्रदायकहरूसँग सहकार्य गर्नु।
- वृद्‌ध व्यक्तिहरूको लागि मानसिक स्वास्थ्य र परामर्श सेवाहरू सुरु गर्नु।
- पोषण र व्यायाम सहित निवारक स्वास्थ्य सेवा कार्यक्रमहरूलाई प्रवर्द्‌धन गर्नु।

### 2). जागरूकता बढाउनुहोस् र वकालतलाई बलियो बनाउनु

- बुढ्यौलीका मुद्‌दाहरूको बारेमा जागरूकता प्रवर्द्‌धन गर्ने राष्ट्रव्यापी अभियानहरू सञ्चालन गर्नु।
- वृद्‌ध वयस्कहरूको अधिकार र कल्याण सुधार गर्ने नीतिगत सुधारहरूको वकालत गर्नु।
- वृद्‌ध चुनौतीहरूलाई उजागर गर्न बलियो मिडिया साझेदारी स्थापना गर्नु।
- सरकारी अधिकारीहरूसँग ज्येष्ठ नागरिक मञ्च र संवादहरू आयोजना गर्नु।

### 3). आर्थिक र सामाजिक सशक्तिकरण बढाउनु

- वृद्‌धवृद्‌धाहरूका लागि व्यावसायिक तालिम कार्यक्रमहरू विकास गर्नु।
- वृद्‌ध जनसंख्याका लागि साना व्यवसाय र उद्‌यमशीलताका अवसरहरूलाई प्रवर्द्‌धन गर्नु।
- सामाजिक अलगाव रोक्न सामुदायिक सहयोग समूहहरू स्थापना गर्नु।
- पारिवारिक र सामाजिक बन्धनलाई बलियो बनाउन अन्तरपुस्ता कार्यक्रमहरूलाई प्रोत्साहन गर्नु।

### 4). संगठनात्मक क्षमता र दिगोपन विस्तार गर्नु

- कोष सङ्कलन, अनुदान र साझेदारी मार्फत SAC नेपालको वित्तीय दिगोपनलाई बलियो बनाउनु।
- ठूलो प्रभावको लागि संगठनात्मक नेतृत्व र स्वयंसेवक सञ्जाल निर्माण गर्नु।
- कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्न प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्नु।
- वृद्‌ध व्यक्तिहरूलाई सहयोग सेवाहरूसँग जोड्न डिजिटल प्लेटफर्म स्थापना गर्नु।

## बुढ्यौली: अवधारणा र महत्त्व

बुढ्यौली प्राकृतिक प्रक्रिया हो। उमेरसँगै शरीर, सोच र सामाजिक भूमिकामा परिवर्तन आउँछ। बुढ्यौलीलाई बोझ होइन, अनुभवको पूँजी का रूपमा हेर्नु आवश्यक छ।

## **SAC Nepal** साधारण सदस्यता नियम :

यस विधानको दफा ७ बमोजिम यस वडा बाहिर योग्यता पुगेका नेपालको कुनै पनि गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका प्रति वडा बाट बढीमा ७ जना नेपाली नागरिकले एक चोटी मात्र तोकेको प्रकृया अन्तर्गत रही आवेदन गरी संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन्।

# भाग २: स्वास्थ्य मार्गदर्शन

### १. बुढ्यौली स्वास्थ्यका आधार

बुढ्यौलीमा रोगभन्दा पनि जीवनशैली महत्त्वपूर्ण हुन्छ। नियमित जाँच, सन्तुलित आहार, पर्याप्त आराम र सकारात्मक सोचले स्वास्थ्य जोगाउँछ।

### २. सन्तुलित पोषण र आहार

- हरियो सागसब्जी, फलफूल
- फाइबरयुक्त आहार (दलिया, गेडागुडी)
- क्याल्सियम, भिटामिन D
- नुन, चिनी र तेल कम,  पानी प्रशस्त पिउनु बुढ्यौली स्वास्थ्यको आधार हो।

### ३. सामान्य स्वास्थ्य समस्या

- उच्च रक्तचाप: नुन कम, नियमित जाँच
- मधुमेह: चिनी नियन्त्रण, पैदल हिँडाइ
- जोर्नी दुखाइ: हल्का व्यायाम, तातो सेक, समयमै स्वास्थ्यकर्मीको सल्लाह लिनु जरुरी हुन्छ।

### ४. व्यायाम र योग

- बिहान हल्का स्ट्रेचिङ
- श्वास–प्रश्वास अभ्यास
- योग र ध्यान भारी व्यायाम होइन, नियमितता महत्त्वपूर्ण हुन्छ।

५. मानसिक स्वास्थ्य

एक्लोपन, तनाव र निराशा बुढ्यौलीमा देखिन सक्ने सामान्य समस्या हुन्।

उपायहरू:

- परिवार र समुदायसँग नियमित संवाद
- ध्यान र सास-प्रश्वास अभ्यास
- मनपर्ने काम (पढाइ, संगीत, बगैंचा)

६. दीर्घरोग व्यवस्थापन

उच्च रक्तचाप, मधुमेह, जोर्नी दुखाइ जस्ता रोग बुढ्यौलीमा सामान्य छन्।

- नियमित स्वास्थ्य जाँच
- चिकित्सकको सल्लाहअनुसार औषधि
- आफैंले औषधि परिवर्तन नगर्ने

७. सुरक्षित औषधि प्रयोग

- एकै समयमा धेरै औषधि नखाने
- औषधि समयमै र सही मात्रामा खाने
- समस्या देखिए तुरुन्त स्वास्थ्यकर्मीलाई जानकारी दिने

## भाग ३: मानसिक स्वास्थ्य र सामाजिक समावेशीकरण

### १. मानसिक स्वास्थ्य

एक्लोपन, चिन्ता र तनाव बुढ्यौलीमा देखिन सक्छ।

- परिवारसँग कुराकानी
- ध्यान, प्रार्थना

- मनपर्ने काम (गीत, बगैँचा)

### २. एकल जीवन र समर्थन

एक्लै बस्ने ज्येष्ठ नागरिकलाई

- छिमेकी सहयोग
- समुदाय समूह
- स्वयंसेवक सम्पर्क आवश्यक हुन्छ।

### ३. सामाजिक सहभागिता

सामाजिक कार्यक्रममा सहभागिता गर्दा

- आत्मसम्मान बढ्छ
- एक्लोपन घट्छ
- जीवनप्रति उत्साह बढ्छ

## भाग ४: हक–अधिकार र सेवाहरू

### १. ज्येष्ठ नागरिकका अधिकार

- सामाजिक सुरक्षा भत्ता
- स्वास्थ्य सेवा प्राथमिकता
- सम्मानपूर्वक बाँच्ने अधिकार
  यी अधिकारको जानकारी सबैलाई हुनु जरुरी छ।

### २. स्वास्थ्य सेवा र बीमा

- नजिकको स्वास्थ्य चौकी
- निःशुल्क/सहुलियत सेवा
- स्वास्थ्य बीमा कार्यक्रम जानकारीले सेवा लिन सजिलो हुन्छ।

### ३. आर्थिक योजना

- पेंशन/भत्ता सही प्रयोग
- अनावश्यक खर्च नियन्त्रण
- परिवारसँग आर्थिक पारदर्शिता

# भाग ५: सामाजिक र आर्थिक सशक्तीकरण

## १. परिवार र समुदायमा भूमिका

### ज्येष्ठ नागरिक: परिवारका सल्लाहकार र संस्कारका संरक्षक

ज्येष्ठ नागरिक परिवारका सबैभन्दा अनुभवी, जिम्मेवार र भरोसायोग्य सदस्य हुन्। उनीहरू केवल उमेरले मात्र ठूला होइनन्, जीवनका उतार–चढाव भोगेर आएको ज्ञान, धैर्य र विवेकका धनी हुन्छन्। त्यसैले ज्येष्ठ नागरिक परिवारका सल्लाहकार र संस्कारका संरक्षक का रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन्।

परिवारमा कुनै निर्णय गर्नुपर्दा—शिक्षा, विवाह, खेतीपाती, आर्थिक व्यवस्थापन वा सामाजिक सम्बन्धका विषयमा—ज्येष्ठ नागरिकको सल्लाह मार्गदर्शक हुन्छ। उनीहरूको अनुभवले जोखिम कम गर्छ, गल्तीबाट जोगाउँछ र दीर्घकालीन सोच विकास गर्न मद्दत गर्छ। आवेगभन्दा विवेकलाई प्राथमिकता दिने उनीहरूको दृष्टिकोण परिवारका लागि सुरक्षित दिशा हो।

त्यसैगरी, ज्येष्ठ नागरिक संस्कार, परम्परा र नैतिक मूल्यका जीवित स्रोत हुन्। उनीहरूले नयाँ पुस्तालाई भाषा, संस्कार, संस्कृतिको महत्व, सामाजिक मर्यादा र पारिवारिक जिम्मेवारीबारे सिकाउँछन्। कथावाचन, जीवनका उदाहरण र दैनिक व्यवहारमार्फत उनीहरूले अनुशासन, सहनशीलता, इमानदारी र आपसी सम्मान जस्ता मूल्य हस्तान्तरण गर्छन्।

आजको आधुनिक र व्यस्त जीवनशैलीमा परिवारबीच दूरी बढ्दै गएको अवस्थामा ज्येष्ठ नागरिकले पुस्ताबीच पुलको काम गर्छन्। उनीहरूको उपस्थितिले परिवारमा भावनात्मक सुरक्षा, एकता र स्थायित्व कायम हुन्छ। बालबालिकाले माया, धैर्य र जीवनका वास्तविक पाठ उनीहरूबाट सिक्ने अवसर पाउँछन्।

निष्कर्षमा भन्नुपर्दा, ज्येष्ठ नागरिक परिवारका बोझ होइनन्; उनीहरू परिवारका मार्गदर्शक, सन्तुलनकर्ता र संस्कारका रक्षक हुन्। उनीहरूको सम्मान, सहभागिता र योगदानलाई स्वीकार गर्नु नै सशक्त, संस्कारित र दिगो परिवार निर्माणको आधार हो।

## २. सीप-आधारित आयआर्जन

### आफ्नै सीप र अनुभवअनुसार सानो आयमूलक काम वा परामर्श

ज्येष्ठ नागरिकका लागि आयआर्जन केवल आर्थिक आवश्यकता मात्र होइन, आत्मसम्मान, सक्रियता र सामाजिक सहभागिताको माध्यम पनि हो। उमेर बढ्दै जाँदा पनि व्यक्तिसँग जीवनभर संकलित सीप, ज्ञान र अनुभव रहन्छ, जसलाई उपयोग गरेर सानो तर सम्मानजनक आयमूलक काम वा परामर्श दिन सकिन्छ।

कसैले खेतीपाती, पशुपालन, सिलाइ–बुनाइ, खाना पकाउने, हस्तकला, व्यापार, लेखा, शिक्षण, व्यवस्थापन वा सामुदायिक नेतृत्वमा अनुभव हासिल गरेका हुन्छन्। यस्ता सीपका आधारमा घरमै बसेर वा सीमित समय खर्चेर काम गर्न सकिन्छ। उदाहरणका लागि—बीउ छनोट र खेती सल्लाह, सानो पसल सञ्चालन, घरेलु उत्पादन, ट्युसन, वा सीप प्रशिक्षण जस्ता कार्य सम्भव छन्।

त्यसैगरी, लामो समय काम गरेको क्षेत्रको परामर्शदाता को रूपमा योगदान दिन सकिन्छ। विद्यालय, सहकारी, समूह, युवा उद्यमी वा समुदायका लागि अनुभवजन्य सल्लाह अत्यन्त मूल्यवान् हुन्छ। यसले नयाँ पुस्तालाई सही दिशा दिनुका साथै ज्येष्ठ नागरिकको ज्ञानलाई सम्मानित रूपमा प्रयोग गर्छ।

सानो आयमूलक कामले ज्येष्ठ नागरिकलाई आर्थिक रूपमा केही हदसम्म आत्मनिर्भर बनाउँछ, परिवारमाथिको निर्भरता घटाउँछ र मानसिक सन्तुष्टि दिन्छ। नियमित रूपमा सक्रिय रहँदा आत्मविश्वास बढ्छ, एक्लोपन घट्छ र जीवनप्रति सकारात्मक दृष्टिकोण विकास हुन्छ।

निष्कर्षमा, उमेर बाधा होइन। आफ्नो सीप र अनुभवअनुसार सानो आयमूलक काम वा परामर्श दिनु ज्येष्ठ नागरिकका लागि सशक्तीकरणको महत्वपूर्ण माध्यम हो। समाज, परिवार र संस्थाले यस्ता अवसरलाई पहिचान र प्रोत्साहन गर्नु आवश्यक छ।

## ३. सहकारी र प्रत्यक्ष बिक्री व्यवसाय समूहमा सहभागिता: सामाजिक सम्बन्ध र आर्थिक सुरक्षाको आधार

सहकारी र प्रत्यक्ष बिक्री व्यवसाय समूहहरूमा सहभागिता ज्येष्ठ नागरिकका लागि सामाजिक र आर्थिक दुवै दृष्टिले लाभदायक हुन्छ। यस्ता समूहहरूले व्यक्तिलाई केवल आम्दानीको अवसर मात्र होइन, आपसी सहयोग, विश्वास र सक्रिय सामाजिक जीवनको वातावरण पनि प्रदान गर्छन्।

सहकारीमा सहभागी हुँदा ज्येष्ठ नागरिक नियमित रूपमा अन्य सदस्यसँग सम्पर्कमा रहन्छन्। बैठक, तालिम, छलफल र सामूहिक निर्णय प्रक्रियाले एक्लोपन घटाउँछ र सामाजिक सम्बन्ध मजबुत बनाउँछ। अनुभव र ज्ञान आदान–प्रदानको अवसरले उनीहरूलाई सम्मानित र उपयोगी महसुस गराउँछ।

त्यसैगरी, प्रत्यक्ष बिक्री व्यवसाय समूहमा सहभागिताले सानो लगानीबाट आयआर्जनको सम्भावना खोल्छ। समूहगत काम, टोली सहयोग र नेटवर्क विस्तारका कारण आम्दानी स्थिर बन्न सक्छ। यसले दैनिक खर्च, स्वास्थ्य उपचार र व्यक्तिगत आवश्यकतामा सहयोग पुऱ्याएर आर्थिक सुरक्षाको अनुभूति दिन्छ।

यी समूहहरूमा सहभागिताले आत्मविश्वास बढाउँछ, नेतृत्व क्षमता विकास गर्छ र सक्रिय जीवनशैली कायम राख्न मद्दत गर्छ। नियमित लक्ष्य, जिम्मेवारी र उपलब्धिले मानसिक सन्तुलन र जीवनप्रति सकारात्मक दृष्टिकोण निर्माण हुन्छ।

निष्कर्षमा, सहकारी र प्रत्यक्ष बिक्री व्यवसाय समूहहरूमा सहभागिता ज्येष्ठ नागरिकका लागि केवल आर्थिक क्रियाकलाप मात्र होइन; यो सामाजिक जोड, आत्मसम्मान र सुरक्षित भविष्यतर्फको महत्वपूर्ण कदम हो। परिवार, समुदाय र संस्थाले यस्तो सहभागितालाई प्रोत्साहन गर्नु नै समावेशी र सशक्त समाज निर्माणको आधार हो।

# भाग ६: जीवनशैली र आत्म-हेरचाह

## प्रमुख मानव अंगहरू: सामान्य रोगहरू, कारणहरू र प्राकृतिक उपचारहरू

१. मस्तिष्क (Brain):

रोग: टाउको दुखाइ, तनाव
कारण: तनाव, निद्राको कमी
प्राकृतिक उपचार: ध्यान, योग, पर्याप्त निद्रा

२. हृदय (Heart):

रोग: उच्च रक्तचाप
कारण: अस्वस्थ आहार, तनाव
प्राकृतिक उपचार: नियमित हिँडडुल, कम नुन, फलफूल

३. कलेजो (Liver):

रोग: फ्याटी लिभर
कारण: बढी तेलिलो खाना, मदिरा
प्राकृतिक उपचार: हरियो सागसब्जी, तातो पानी

४. फोक्सो (Lungs):

रोग: खोकी, दम
कारण: धुवाँ, धुलो
प्राकृतिक उपचार: तातो पानी, अदुवा–मह

५. मिर्गौला (Kidney):

रोग: ढुंगा
कारण: कम पानी पिउनु
प्राकृतिक उपचार: प्रशस्त पानी, नरिवल पानी

६. पेट(Stomach):

रोग: ग्यास, अपच
कारण: अनियमित खानपान
प्राकृतिक उपचार: जिरा पानी, समयमै खाना

## मस्तिष्कसम्बन्धी रोगहरू:

रोग | मुख्य कारण | लक्षणहरू | प्राकृतिक समाधान / रोकथाम

### 1. माइग्रेन (Migraine)

मुख्य कारण:
तनाव, निद्राको कमी, शरीरमा पानीको कमी

### लक्षणहरू (Symptoms) of Migraine:

- गम्भीर टाउको दुखाइ(Severe headache) - सामान्यतया एकतर्फी, धड्कने वा धड्कने प्रकृतिको।
- प्रकाश र ध्वनिप्रति संवेदनशीलता (Sensitivity to light and sound)- उज्यालो बत्ती र ठूलो आवाजले दुखाइलाई अझ बढाउन सक्छ।

- वाकवाकी र बान्ता(Nausea and vomiting) - प्रायः टाउको दुखाइसँगै हुन्छ।
- आभा **(Aura)** - केही व्यक्तिहरूले टाउको दुख्नु अघि चम्किलो बत्ती, जिग्ज्याग लाइनहरू, वा अन्धा धब्बाहरू जस्ता दृश्य गडबडीहरू अनुभव गर्छन्।
- गन्धप्रति संवेदनशीलता (Sensitivity to smells) - कडा गन्धले लक्षणहरू ट्रिगर वा बिगार्न सक्छ।
- थकान (Fatigue)- आक्रमण अघि, समयमा, वा पछि अत्यन्तै थकित महसुस गर्नु।
- चक्कर लाग्ने वा चक्कर लाग्ने(Dizziness or vertigo) - अस्थिर वा हल्का टाउको भएको महसुस गर्नु।
- घाँटी कडा हुनु वा दुखाइ(Neck stiffness or pain) - केहीले घाँटी र काँधमा तनाव वा कसिलोपन अनुभव गर्छन्।
- ध्यान केन्द्रित गर्न कठिनाई (Difficulty concentrating) - मस्तिष्क कुहिरो वा ध्यान केन्द्रित गर्न समस्या हुन सक्छ।
- मुड परिवर्तन(Mood changes) - आक्रमण अघि चिडचिडापन, अवसाद, वा उत्साह।

प्राकृतिक समाधान / रोकथाम:
पर्याप्त निद्रा, पर्याप्त पानी पिउने, योग, ध्यान, UTURN त्रिफला जुस

## 2 स्ट्रोक (Stroke)

मुख्य कारण:
उच्च रक्तचाप, बढी कोलेस्ट्रोल, धूम्रपान

लक्षणहरू ( **Symptoms of Stroke (FAST Signs)**

### F — Face Drooping (अनुहार झुकेको)

- One side of the face may droop or feel numb.(अनुहारको एक भाग झुक्न सक्छ वा सुन्न महसुस हुन सक्छ।)
- Ask the person to smile — one side may not move.(व्यक्तिलाई मुस्कुराउन भन्नुहोस् - एउटा भाग नचल्न सक्छ)

### A — Arm Weakness (हातको कमजोरी)

- Sudden weakness or numbness in one arm or leg, often on the same side of the body.(शरीरको एउटै भागमा प्रायः एउटा हात वा खुट्टामा अचानक कमजोरी वा सुन्निने।)

- Ask the person to raise both arms — one may drift downward.(व्यक्तिलाई दुवै हात उठाउन भन्नुहोस् - एउटा तलतिर ढल्किन सक्छ।)

## S — Speech Difficulty (बोलीमा कठिनाई)

- Slurred speech, trouble speaking, or understanding words.(बोली धमिलो हुनु, बोल्न गाह्रो हुनु वा शब्दहरू बुझ्न गाह्रो हुनु।)
- Ask the person to repeat a simple sentence — may be unable or confused.(व्यक्तिलाई एउटा साधारण वाक्य दोहोर्याउन भन्नुहोस् — असमर्थ वा अलमल्लमा पर्न सक्छ।)

## T — Time to Call Emergency(आपतकालीन कल गर्ने समय)

- Call emergency services immediately if any of the above symptoms appear.(माथिका कुनै पनि लक्षण देखा परेमा तुरुन्तै आपतकालीन सेवाहरूमा कल गर्नुहोस्।)
- Early treatment can save lives and prevent long-term disability.(प्रारम्भिक उपचारले जीवन बचाउन सक्छ र दीर्घकालीन अपाङ्गताबाट बच्न सक्छ।)

**प्राकृतिक समाधान / रोकथाम:**
सन्तुलित आहार, नियमित व्यायाम, सुर्तीजन्य पदार्थ त्याग, **UTURN** मह, बी–प्रोपोलिस, त्रिफला जुस, बी–पोलन

## 3 अल्जाइमर रोग (Alzheimer's Disease)

**मुख्य कारण:**
बढ्दो उमेर, वंशाणुगत कारण, अस्वस्थ जीवनशैली

## Symptoms of Alzheimer Disease

- स्मरणशक्ति गुमाउनु - भर्खरै सिकेका जानकारी, महत्त्वपूर्ण मितिहरू, वा घटनाहरू बिर्सनु।
- परिचित कार्यहरू गर्न कठिनाइ - खाना पकाउने, ड्राइभ गर्ने, वा आर्थिक व्यवस्थापन गर्ने जस्ता दैनिक गतिविधिहरूमा समस्या।
- भाषाको समस्या - सही शब्दहरू फेला पार्न संघर्ष गर्नु, वाक्यांशहरू दोहोर्याउनु, वा कुराकानीमा धागो हराउनु।

- दिशाहीनता - समय, मितिहरू, वा स्थानहरूको बारेमा भ्रम।
- कमजोर निर्णय - असामान्य वा असुरक्षित निर्णयहरू गर्नु।
- चीजहरू गलत ठाउँमा राख्नु - वस्तुहरू अनौठा ठाउँमा राख्नु र पाइलाहरू फिर्ता लिन असमर्थ हुनु।
- मुड र व्यक्तित्वमा परिवर्तन - चिन्ता, डिप्रेसन, चिडचिडापन, वा शौकहरूमा रुचि गुमाउनु।
- सामाजिक गतिविधिहरूबाट अलग हुनु - काम, सामाजिक कार्यक्रमहरू, वा पारिवारिक जमघटहरू बेवास्ता गर्नु।
- योजना बनाउन वा समस्या समाधान गर्न कठिनाइ - निर्देशनहरू पालना गर्न, बिलहरू व्यवस्थापन गर्न, वा बहुकार्य गर्न समस्या।
- पहलको कमी - निष्क्रिय हुनु वा नियमित कार्यहरूमा थप मद्दत चाहिन्छ।

प्राकृतिक समाधान / रोकथाम:
मस्तिष्क अभ्यास, स्वस्थ बोसोयुक्त आहार, सामाजिक गतिविधि, UTURN मह, बी–प्रोपोलिस, त्रिफला जुस, बी–पोलन

## 4 मिर्गी (Epilepsy)

मुख्य कारण:
मस्तिष्कमा चोट, संक्रमण, वंशाणुगत कारण

**मिर्गी (Epilepsy) का लक्षणहरू:**

- आकस्मिक झट्का वा दौरा **(Seizures)** – शरीर अचानक काँप्ने वा हल्लिने।
- चेतनाको ह्रास **(Loss of consciousness)** – केही समयको लागि बेहोस वा अचेत हुने।
- दृष्टि/श्रवण परिवर्तन **(Sensory changes)** – चम्किला बत्ती, अचम्मका आवाज, स्वाद वा गन्धको असामान्य अनुभव।
- अचेतकालीन व्यवहार **(Automatisms)** – अचेत अवस्थामा अनायास हात हल्लाउने, चिच्याउने, वा हिँड्ने।
- थकान वा निद्रा लाग्ने **(Fatigue or drowsiness)** – दौरा पछि अत्यधिक थकान वा निद्रा।
- मूड परिवर्तन **(Mood changes)** – दौरा अगाडि वा पछि चिडचिड, डिप्रेशन वा बेचैनी।

- स्मरण शक्ति कमजोर (**Memory lapses**) – दौरा पछि केही क्षण वा घटना सम्झन नसक्नु।

प्राकृतिक समाधान / सहयोग:
नियमित उपचार, तनाव नियन्त्रण, स्वस्थ जीवनशैली (डाक्टरको सल्लाहअनुसार)

## 5. स्मरणशक्ति कमजोर / मानसिक थकान

मुख्य कारण:
अपर्याप्त निद्रा, असन्तुलित जीवनशैली

स्मरण शक्ति / संज्ञानात्मक थकानका (**Memory / Cognitive fatigue**) लक्षणहरू

- ध्यान केन्द्रित गर्न नसक्नु (**Difficulty concentrating**) – लामो समय ध्यान दिन गाह्रो लाग्नु।
- स्मरण शक्ति कमजोर (**Memory lapses**) – नयाँ कुरा याद गर्न नसक्नु वा पुराना कुरा बिर्सिनु।
- निर्णय लिन गाह्रो (**Difficulty making decisions**) – सानो वा साधारण निर्णय पनि गर्न कठिनाइ।
- थकान महसुस हुनु (**Mental fatigue**) – मानसिक काम गर्दा शीघ्र थकान महसुस गर्नु।
- समय व्यवस्थापनमा समस्या (**Difficulty managing time**) – काम र जिम्मेवारी व्यवस्थापन गर्न गाह्रो।
- मूड परिवर्तन (**Mood changes**) – चिडचिडो, बेचैनी, वा तनाव बढी हुनु।
- प्रतिक्रिया ढिला हुनु (**Slower response**) – कुरा बुझ्न वा प्रतिक्रिया दिन ढिला गर्नु।
- कार्य प्रदर्शन कमजोर हुनु (**Reduced cognitive performance**) – पढाइ, लेखाइ, वा समस्या समाधान गर्न समस्या।

प्राकृतिक समाधान / रोकथाम:
पर्याप्त निद्रा, तनाव नियन्त्रण, सन्तुलित आहार, UTURN मह, बी–प्रोपोलिस, बी–पोलन तथा बी–ब्रेड, त्रिफला जुस, हिमालयन हर्बल ड्रिंक्स, तुलसी ड्रप, भिटामिन $D_3$, सिस्नु पाउडर, अलसी (Flaxseed) क्याप्सुल

## 6. अनिद्रा (Insomnia)

मुख्य कारण:
चिन्ता, तनाव, हर्मोन असन्तुलन

अनिद्रा (Insomnia) का लक्षणहरू:

- राति सुत्न खोज्दा निद्रा नआउनु
- निद्रा लागे पनि बारम्बार ब्यूँझिनु
- बिहान चाँडै आँखा खुल्नु र फेरि निद्रा नलाग्नु
- निद्राबाट ताजगी महसुस नहुनु
- दिनभरि थकान, आलस्य वा कमजोरी महसुस हुनु
- एकाग्रता कम हुनु (ध्यान केन्द्रित गर्न गाह्रो हुनु
- स्मरण शक्ति कमजोर हुनु
- चिडचिडापन, तनाव वा चिन्ता बढ्नु
- टाउको दुख्नु
- दिनको समयमा निद्रा लागिरहनु तर राति सुत्न नसक्नु
- काम वा पढाइमा कार्यसम्पादन घट्नु

प्राकृतिक समाधान / रोकथाम:
नियमित सुत्ने बानी, शान्त रात्रीकालीन दिनचर्या, हर्बल चिया, साँझको समयमा त्रिफला जुसले पेट–मस्तिष्क स्वास्थ्यमा सहयोग गर्न सक्छ, UTURN मह, बी–प्रोपोलिस, बी–पोलन / पोलन मह

## हृदयसम्बन्धी रोगहरू

रोग | मुख्य कारण | लक्षणहरू | प्राकृतिक समाधान / रोकथाम

### 1. हृदयाघात (Heart Attack)

मुख्य कारण:
धमनी अवरुद्ध हुनु, उच्च कोलेस्ट्रोल

हृदयघात (Heart Attack) का लक्षणहरू :

- छातीको बीच भागमा अचानक भारीपन, च्यापिने वा जल्ने जस्तो दुखाइ
- छातीको दुखाइ बायाँ हात, काँध, घाँटी, जबडा वा ढाडतर्फ फैलिनु
- सास फेर्न गाह्रो हुनु

- अत्यधिक पसिना आउनु (चिसो पसिना)
- वाकवाकी लाग्नु वा बान्ता हुनु
- चक्कर लाग्नु वा बेहोस जस्तो हुनु
- असामान्य थकान महसुस हुनु
- डर, बेचैनी वा मृत्युको डर जस्तो महसुस हुनु

**प्राकृतिक समाधान / रोकथाम:**

कम बोसोयुक्त आहार, नियमित व्यायाम, UTURN मह, बी–प्रोपोलिस, बी–पोलन र त्रिफला जुस

## 2. उच्च रक्तचाप (High Blood Pressure)

**मुख्य कारण:**

तनाव, बढी नुनको सेवन, मोटोपन

### उच्च रक्तचाप (High Blood Pressure) का लक्षणहरू

- टाउको दुखाइ (विशेषगरी पछिल्लो भागमा)
- चक्कर लाग्नु
- आँखामा धमिलो देखिनु
- छाती दुखाइ
- सास फेर्न गाह्रो हुनु
- मुटुको धड्कन तेज हुनु
- नाकबाट रगत आउनु (कहिलेकाहीँ)
- अत्यधिक थकान महसुस हुनु
- बेचैनी वा तनाव महसुस हुनु

**प्राकृतिक समाधान / रोकथाम:**

कम नुनयुक्त आहार, नियमित व्यायाम, हिँडडुल, तनाव व्यवस्थापन, UTURN सिस्नु पाउडर (सूजन घटाउन तथा समग्र स्वास्थ्य सहयोगका लागि), UTURN मह, बी–प्रोपोलिस र त्रिफला जुस

## 3. कोरोनरी धमनी रोग (Coronary Artery Disease)

**मुख्य कारण:**

धूम्रपान, मधुमेह, असन्तुलित आहार

### कोरोनरी धमनी रोग (Coronary Artery Disease) का लक्षणहरू

